# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ २ गते २०३२ साल


श्री ५ को सरकार

## खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खाद्य तथा कृषि बजार सेवा विभाग अन्तरगत कृषि थोक बजार निर्माण गर्नको लागि निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीहरुले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

कोशी अञ्चल, सुनसरी जिल्ला, दुहबी गाउँ पञ्चायत, वार्ड नं. ८ (ख) को

---

पूर्व बाटो, पश्चिम कुलो, उत्तर बाटो, दक्षिण कि. नं. १२ र १३ को जग्गा यति चार किल्लाभित्रको कि. नं. २ को ०–२–७½ पूरै, कि. नं. ३ को ०–७–६½ पूरै, कि. नं. ४ को ०–१०–९ पूरै, कि.नं. १ बाट ०–१४–९, कि.नं. ५ बाट ०–८–१२, कि.नं. ६ बाट ०–१०–१५, कि. नं. ७ बाट ०–६–०, कि. नं. ८ बाट ०–८–१९ र कि. नं. ९ बाट ०–१८–१४ समेतको जम्मा मालपोत रु. २२३।६३ (दुई सय तेईस रूपैयाँ त्रिसट्ठी पैसा) लाग्ने जम्मा जग्गा बिगहा ४–७–१२ (चार बिगहा सात कट्ठा बाह्र धुर) को कित्ता।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

326

**मेची अञ्चल, झापा जिल्ला, अनारमणी गाउँ पञ्चायत वडा नं. ३ (विर्तामोड) को**

पूर्व बाटो र कि. नं. १०३ को जग्गा, पश्चिम कि. नं. ९५,९६ र ९७ को जग्गा, उत्तर कि. नं. १११ र ११२ को जग्गा, दक्षिण कि.नं १०१ र १०४ को जग्गा यति चारकिल्ला-भित्रको कि.नं. १०५ बाट १–०–०, कि. नं. १०६ को ०–५–० पूरै, कि. नं. १०७ को ०–७–० पूरै, कि. नं. १०८ को १–१–० पूरै, कि. नं. १०९ को ०–१०–० पूरै, र कि. नं. ११० को ०–१८–० पूरै, समेतको जम्मा मालपोत रु. १७८।२० ( एक सय अठहत्तर रूपैयाँ बीस पैसा ) लाग्ने जम्मा जग्गा बिगहा ४–१–० ( चार बिगहा एक कट्ठाको) कित्ता।

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।